# आर्थिक वर्ष २०७७/७८ को

# नीति तथा कार्यक्रम

## सत्यवती गाउँपालिका

## गुल्मी

## ५ नं. प्रदेश, नेपाल

**श्रीमान् सभाध्यक्ष महोदय,**
**गाउँसभाका माननीय सदस्यज्यूहरु,**
**सम्पुर्ण कर्मचारीसाथीहरु,**
**एवम् उपस्थित महानुभावहरु ।**

**संबोधन र स्वागतः**

सर्वप्रथम यस सत्यवती गाउँपालिकाको चौथो आर्थिक वर्षको वर्षे अधिवेशनको रुपमा सातौं गाउँसभाको पहिलो बैठकमा उपस्थित हुनु भएका गाउँसभाका सम्पुर्ण सदस्यज्युहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु। साथै देशको स्वतन्त्रता, सार्वभौमसत्ता, वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यसै बीच असाध्य रोगको कारण असामयिक निधन भएका गाउँ सभा सदस्य श्री चन्द्रबहादुर केसी एवम् गत श्रावण ७ गते गएको पहिरोमा परी निधन भएका सबै नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**आ.ब.०७६/७७ का नीति कार्यक्रम तथा बजेट उपर समिक्षाः**

**बनेका कानून-**

**न्यायिक समितिका फैसला-**

**शिक्षा**

**स्वास्थ्य**

**कृषि**

**पशु**

सत्यवती पर्यटकीय र धार्मिक क्षेत्रदेखि रुद्रवेणी धामजस्ता धार्मिक, सांस्कृतिक क्षेत्र, साबिक लुम्बिनी अञ्चलकै सर्वोच्च पहाड थाप्ले लगायतको जैविक रुपले विशिष्ट र सुन्दर सत्यवती गाउँपालिकाले तेस्रो आर्थिक वर्षका लागि बजेट निर्माण कार्य गर्दै गर्दा विकासका पुर्वाधार र जनताको जनजीविकाको सुधार र विकासका लागि निरन्तर लागिरहेको छ। र **'कृषि, पशु, पर्यटन र पुर्वाधार, सुन्दर र समृद्ध सत्यवतीको आधार'** नारा प्रस्तावित रहेको छ। सभ्य, सुन्दर र समृद्ध सत्यवती निर्माण गर्न, सुखी र खुशी जनजिविकाको

आधार श्रृजना गर्ने गरी यस आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम तयार गरेका छौं साथै सम्पुर्ण जनप्रतिनिधिलाई निर्वाचित गर्ने बेला सत्यवतीका जनताले अभिव्यक्त गरेको इच्छालाई पुरा गर्न सत्यवती गाउँपालिकाबाट कुनै कसर बाँकी नराखिने प्रतिवद्धता व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको काम कर्तव्य तथा अधिकारको पुर्ण कार्यान्वयनका लागि आ.व. २०७६/ ७७ को योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐन कानून, विभिन्न मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शन आदिका आधारमा सहभागितामूलक तवरले आयोजना सञ्चालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम तयार गरेका छौं ।

जनप्रतिनिधिको स्पस्ट दृष्टिकोण, कर्मचारीको लगनशीलता र कार्यक्षमता एवम् सबै गाउँपालिका निवासी जनताको सहभागिताको माध्यमले मात्र आयोजनाको छनौट, तर्जुमा र कार्यान्वयनले सफलता प्राप्त गर्ने तथ्य मध्यनजगर गरी आगामी आ.व. २०७६/ ७७ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सत्यवती गाउँपालिकाले आ.व. २०७६/ ७७ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तीय ऐनले लिएका नीति तथा प्राथमिकताहरु
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय

शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।

- सत्यवती गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

१) यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।

२) उत्पादनमूलक र शीघ्र प्रतिफल दिने ।

३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।

४) छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५) पारदर्शिता र सुशासनयुक्त संस्थागत विकास।

६) स्थानीय स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।

७) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

८) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने ।

१०) गाउँपालिका र उपभोक्ताबीच साझेदारी एवम् जनसहभागितामा हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व. ०७५।७६ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**सत्यवती गाउँपालिकाका समस्टीगत नीतिहरुः**

- पुर्वाधार विकास, शिक्षा, स्वास्थ र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने परिकल्पनाको रुपमा वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गरिएको छ।
- विकासका दृष्टिले पछि परेको वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ। त्यसका लागि जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आय, पुर्वाधारमा लागत एवम् आवश्यकताको प्राथमिकिकरण आदिका आधारमा स्रोतको बाँडफाँडको व्यवस्था गरिनेछ।
- भौगोलिक विकटता र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौति हो। यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण गर्ने तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

- सामुदायिक विद्युतलाई समुदायसँग परामर्श गरी नेपाल विद्युत प्राधिकरण मातहत ल्याउन पहल गरिनेछ।
- गाउँपालिकाको समग्र विकासका लागि पञ्चवर्षीय आवधिक योजनाको निर्माण गरिनेछ।
- सत्यवती गाउँपालिकामा **हरित सडक अभियान** सञ्चालनको निरन्तरता दिइनेछ।
- सत्यवती गाउँपालिकामा जन्म भई देश/ प्रदेशका विशिष्ट पदमा रहेका व्यक्तिहरुलाई समेटेर वृहद सत्यवती लगानी एवम् सुझाव सम्मेलनको आयोजना गरिनेछ।

**<u>आर्थिक विकास सम्बन्धी नीतिहरु</u>**

**<u>भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु</u>**

**<u>सामाजिक विकास सम्बन्धी नीतिहरु</u>**

- 

**<u>वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>**

**<u>संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति</u>**

**उपस्थित सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम बजेट निर्माणका क्रममा भएका टोल भेलाहरु, वडा एवम् विषयगत समिति, विभिन्न बजेट समितिहरु, विभिन्न विज्ञहरुको राय सल्लाह, गाउँ कार्यपालिकाका निर्णयहरु आदिलाई समेत ध्यानमा राखी तयार गरिएको व्यहोरा अनुरोध गर्दछु।

**अन्त्यमा,**

यस वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु भएका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका स्थानीय नेतृत्व, समाजसेवी, वुद्धिजीवि, विभिन्न संघसंस्था, सहयोगी सुभेच्छुक एवम् सम्पुर्ण सत्यवती गाउँपालिका निवासी महानुभावप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस गाउँपालिकाको समृद्धि र सेवामा खटिरहेका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै यस नीति तथा कार्यक्रमको पुर्ण कार्यान्वयनबाट सत्यवती गाउँपालिकालाई सभ्य, सुन्दर र समृद्ध बनाउन हामी सबै एक भई अगाडि बढ्ने विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाई यहीं टुङ्गयाउँदछु। धन्यवाद।